दिने र घरेलु उद्योगमा दर्ता भएका आल्मुनियम उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थमा बिक्रीकर पूर्णरूपमा छुट दिने ।

५. निम्न उद्योगहरूले उद्योगको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ्ग मेटेरियलको रूपमा प्रयोग गर्ने निम्न वस्तुहरूको पैठारीमा लाग्ने साधारण भन्सार महसुलको मौजुदा दरमा आंशिक छुट दिई देहायबमोजिममात्र साधारण भन्सार महसुल लाग्ने गरिएको छ ।

| वस्तुको नाम | आंशिक छुट पश्चात लाग्ने साधारण भन्सार महसुल दर |
|---|---|
| (क) विद्युत् ट्रान्सफर्मर उद्योगको लागि ट्रान्सफर्मर क्याबिनेट | १० प्र.श. |
| (ख) टुथपेष्ट उद्योगको लागि आल्मुनियम ट्यूब | १० प्र.श. |
| (ग) पेन्ट्स उद्योगको लागि कच्चा रङ्ग | १५ प्र.श. |
| (घ) ब्रुअरी उद्योगले पैठारी गर्ने प्लाष्टिक बोटल | १० प्र.श. |
| (ङ) कृषि औजार उद्योगले पैठारी गर्ने कच्चा पदार्थ | ५ प्र.श. |
| (च) १५ प्र.श. भन्दा बढी साधारण भन्सार महसुल लाग्ने अन्य सबै उद्योगको प्याकिङ्ग मेटेरियलमा | १५ प्र.श. |

६. घडी उद्योग तथा रेडियो उद्योगले आयात गर्ने पार्टपूर्जामा हाल लागिआएको बिक्रीकरमा ५० प्र.श. छुट दिने ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालले पश्चिम जर्मनीको इन्ष्टिच्यूट फर भाइरोलजी कम्पनीबाट उपहारस्वरूप प्राप्त गरेको निम्न बिवरणका सामानमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

1. 4 Testkids for detection of anti HBC antibody
2. 1500 Pipette tips
3. 500 Serum Container
4. 2 Special Pencils to mark the Serum Container

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५०